



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक ५ | माघ २०८० | Year 31 Vol 5 | Jan. / Feb. 2024


# राष्ट्रिय वाणिज्य बैंकको ५९औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न




**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५९ औं वार्षिकोत्सव समारोह माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतको प्रमुख आतिथ्यतामा एक समारोहकाबीच सम्पन्न भएको छ। कार्यक्रममा माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले गतवर्ष भन्दा यो वर्ष अर्थतन्त्र राम्रो भैसकेको बताउँदै सिमित साधन स्रोतबाट बढी भन्दा बढी प्रतिफल प्राप्त गर्ने दिशामा लाग्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । अहिले राष्ट्रिय वाणिज्य बैंक राम्रो अवस्थामा रहेको बताउँदै बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनमूलक क्षेत्रमा लगानी गरी आर्थिक विकासमा थप योगदान गर्नुपर्ने बताउनुभयो । उहाँले सरकारले बैंकको सुधारका लागि उदार भएर कार्य गर्ने गरेको समेत बताउनुभयो ।

प्रमुख अतिथि एवं माननीय डा. प्रकाशशरण महतले बैंकको थापाथली शाखाको नवनिर्मित भवनको उद्घाटन गर्नुभएको थियो । उहाँले कार्यक्रममा बैंकको ५९ औं वार्षिककोसवको अवसरमा प्रकाशन गरिएको विशेषाङ्क स्मारिका उपहार-२०८० विमोचन गर्नुभएको थियो । कार्यक्रममा पूर्वकर्मचारी सम्मान कार्यक्रम, उत्कृष्ट शाखा कार्यालय, सर्वोत्कृष्ट/उत्कृष्ट बैंक सेवा पुरस्कार घोषणा गरिएको थियो। उपकार्यकारी अधिकृत देवेश प्रसाद लोहनी सर्वोत्कृष्ट कर्मचारी र शाखा कार्यालय दुहवी सर्वोत्कृष्ट शाखा घोषणा गरिएको छ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्र सुधार हुँदै गएको बताउँदै अर्थतन्त्रमा राष्ट्रिय वाणिज्य बैंकको महत्वपूर्ण योगदान हुने गरेको बताउनुभयो। नेपाल राष्ट्र बैंकले लिने नीति समग्र अर्थतन्त्रको विकासको लागि हुने र राष्ट्र बैंकले ल्याउने नीति अग्रणी रुपमा राष्ट्रिय वाणिज्य बैंकले कार्यन्वयन गर्ने गरेको बताउनुभयो।

बैंक सञ्चालक समितिका अध्यक्ष दिलीप कुमार ढुङ्गानाले बैंकिङ क्षेत्रमा बढ्दै गएको प्रतिस्पर्धात्मक वातावरण तथा तीव्र रूपमा ग्राहकका आकाङ्क्षाहरू परिवर्तन भइरहेको सन्दर्भमा यस बैंकले ठुला उद्यमी तथा साना व्यवसायीदेखि सबै प्रकारका ग्राहकका आकाङ्क्षालाई सम्बोधन गर्ने गरी बैंकिङ सेवा सुविधाहरूमा गुणस्तरीयता अभिवृद्धि गर्दै अझ बढी विश्वसनीय, सुरक्षित, प्रविधियुक्त तथा ग्राहकमैत्री बनाउन प्राथमिकताका साथ



थप समाचार पृष्ट २ ▸▸

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, राष्ट्रिय वाणिज्य बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोष बीच सम्झौता

**काठमाडौं, २४ माघ**

नेपाल सरकार माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालको समुपस्थितिमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र निक्षेप तथा कर्जा सुरक्षण कोष बीच नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीलाई परियोजना/व्यवसाय विस्तार र दीगो सञ्चालन गरी देशको अर्थतन्त्रलाई सुदृढ बनाउनका लागि सहयोग पुऱ्याउने ध्येयले सहुलियत दरमा बैंकिङ्ग प्रक्रिया मार्फत स्टार्टअप उद्यम कर्जा प्रवाह, व्यवस्थापन, कर्जा सुरक्षण र असुली कार्य गर्ने गराउने उद्देश्यका लागि एक समारोहका बीच छुट्टाछुट्टै तीनवटा सम्झौता भएको छ।

सम्झौता पत्रमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक उमेशकुमार गुप्ता, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले हस्ताक्षर गर्नुभएको छ । समारोहमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाले राम्रो परियोजना छनौट गरी सबै पक्ष मिलेर यो कार्यक्रमलाई सफल बनउनुपर्ने बताउनुभयो।

सम्झौतामा स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८० अनुसार औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका प्रविधिमा आधारित उत्पादन तथा सेवामुलक उद्यमी, परियोजना/व्यवसायलाई छनौट गरी सिफारिस गरे पश्चात बैंकले बैंकिङ्ग प्रक्रिया अनुसार परियोजना धितो लिई ३ प्रतिशत ब्याजदरमा एउटा व्यवसायलाई बढीमा २५ लाख रुपैंयासम्म कर्जा लगानी गरिने छ। साथै उक्त परियोजनालाई कोषले कर्जा सुरक्षण समेत गर्ने छ।

उक्त समारोहमा उद्योग सचिव मुकुन्दप्रसाद निरौला, वाणिज्य तथा आपूर्ति सचिव नारायणप्रसद दुवाडी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका कर्मचारीहरु, प्रतिष्ठान तथा कोषका कर्मचारीहरु, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, विभागीय प्रमुख ऋषभ भट्टराई, उपप्रबन्धक राजन घिमिरे, सहायक प्रबन्धक ईश्वर उप्रेती लगायतको उपस्थिति रहेको थियो। ■

# राष्ट्रिय वाणिज्य बैंकको ५९औं वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम आयोजना






**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंकको ५९औं वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् । बैंकको ५९औं वार्षिकोत्सवको पूर्वसन्ध्यामा बैंकको केन्द्रीय कार्यालय परिसर, प्रादेशिक कार्यालयहरु तथा विभिन्न शाखा कार्यालयहरुबाट वित्तीय साक्षरताका लागि प्रभातफेरी कार्यक्रमको माघ ६ गते आयोजना गरिएको थियो । बैंक सञ्चालक समितिका अध्यक्ष दिलीप कुमार ढुङ्गाना तथा प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको ५९औं वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्दै सर्वसाधारण प्रति बैंकिङ्ग संचेतना गर्ने उद्धेश्यले समाज प्रतिको उत्तरदायीत्व बहन गर्दै बैंकले वित्तीय साक्षरताका लागि प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

बैंकको केन्द्रीय कार्यालयबाट शुरु भएको उक्त कार्यक्रममा वित्तीय साक्षरता सम्बन्धि बैंकको लोगो अंकित विभिन्न प्लेकार्ड बोकेर बाजागाजा व्यानर सहित भद्रकाली, शहिदगेट, न्युरोड गेट, रत्नपार्क, बागबजार, पद्यकन्या कलेज, पुतलीसडक, पद्योदय मोड, राष्ट्रिय सभा गृह र पुनः भद्रकाली हुदैं केन्द्रीय कार्यालयमा पुगेर समापन भएको थियो ।

संयोजक एवं उपकार्यककारी अधिकृत पवन रेग्मीको संयोजकत्वमा भएको प्रभातफेरी कार्यक्रममा बैंकको केन्द्रीय कार्यालय, सम्पूर्ण प्रादेशिक कार्यालयहरु तथा विभिन्न शाखा कार्यालयहरुमा एकसाथ आयोजना भएको थियो । केन्द्रीय कार्यायबाट शुरु भएको प्रभातफेरी कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु, बैंकका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु, कर्मचारी ट्रेड युनियनका अध्यक्षहरु, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको भब्य उपस्थिति रहेको थियो । संयोजक एवं उपकार्यककारी अधिकृत विमल डंगोलको संयोजकत्वमा खेलकुद प्रतियोगिता भएको थियो भने संयोजक एवं उपकार्यककारी अधिकृत दुर्गाकुमारी कंडेलको संयोजकत्वमा व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रम भएको थियो ।

बैंकको ५९ औं वार्षिकोत्सवको अवसरमा प्रभातफेरी कार्यक्रम, स्वास्थ्य परीक्षण, विभिन्न खेलकुद प्रतियोगिता (फुटसल, क्रिकेट, टेबलटेनिस, ब्याडमिन्टन, म्युजिकल चेयर्स, चेस, हाजिरी जवाफ) कार्यक्रम आयोजना भएको थियो । ■

# राष्ट्रिय वाणिज्य बैंकको ५९औं ...

कार्य गरिरहेको बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनु हुँदै बैंकले आफ्ना सम्पूर्ण श्रोतहरूको उच्चतम उपयोग गरी बैंकको समग्र उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कदमहरू चालेको छ । बैंकका ग्राहकहरूलाई पनि गुणस्तरीय सेवा प्रदान गर्न बजारको माग अनुसारको सम्पूर्ण सेवा तथा सुविधाहरू उपलब्ध गराउँदै आएको छ । साथै, कर्जाको गुणस्तर, कर्मचारीको वृत्ति विकास र दिगो व्यावसायिक विकासका लागि पनि उचित कदमहरू उठाइएका छन् । बैंकले प्रविधिको स्तरोन्नतिको लागि IT Enhancement Roadmap लाई अगाडी बढाएको छ । यो प्रोजेक्ट हाल बैंकमा प्रयोगमा रहेको Core Banking Software (CBS) लाई प्रतिस्थापन गरी अत्याधुनिक Core Banking System को खरिद गरी कार्यान्वयनमा ल्याउने प्रक्रियामा रहेको



छ । उहांले बैंकका सम्पूर्ण प्रक्रियाहरू, कार्यविधि एवम् पद्धतिहरूलाई सुधार गरी बैंकको काम कारवाही छिटो, छरितो र स्तरिय बनाउन Business Process Re-engineering (BPR) को Project अगाडि बढाई क्रमशः कार्यान्वयन गर्दै लगिएको छ । सरकारी पाराको आरोपलाई हदैसम्म हटाई बैंकलाई हरेक पक्षबाट सुदृढ, सबल र ग्राहकमैत्री बनाउने योजना रहेको बताउनुभयो । उहाँले २०८० पुस मसान्तसम्म बैंकले ३ खर्ब ३७ अर्ब रुपैया निक्षेप संकलन गरी २ खर्ब ५६ अर्ब रुपैंया कर्जा लगानी गरेको बताउनुभयो ।

कार्यक्रममा पूर्व गभर्नर एवं बैंकका पूर्व कार्यकारी अध्यक्ष डा.तिलक रावल, बैंकमा क्रियाशिल तीन वटै ट्रेड युनियनका अध्यक्षहरु क्रमशः रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा. बैंकका अध्यक्ष दिपेन्द्र कार्की, रा.वा.बैंक पूर्व कर्मचारी संघका अध्यक्ष दिनेशविक्रम थापाले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

आज भन्दा ५९ वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको यो बैंकसंग कारोवार गर्ने कुल ग्राहकको संख्या करिब ४१ लाख पुगेको छ भने भौगोलिक उपस्थितिको हिसाबले ७ वटै प्रदेशका ७७ वटै जिल्ला र सबै जिल्ला सदरमूकाममा समेत गरी जम्मा २८६ शाखा कार्यालयहरु सञ्चालनमा रहेका छन् । डिजिटल बैंकिङ्ग क्षेत्रमा समेत बैंकले उल्लेखनीय फड्को मारेको छ ।

कार्यक्रममा शेयरधनीहरु, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरु, बैंक सञ्चालक समितिका सदस्यहरु, पूर्व अध्यक्षहरु, पूर्व प्रमुख कार्यकारी अधिकृतहरु, विभिन्न संस्थानहरुका प्रमुखहरु, बैंकका नायव प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको भव्य उपस्थिति रहेको थियो । ■

# राष्ट्रिय वाणिज्य बैंकले ल्यायो 'मेरो घर कर्जा' योजना ब्याजदर एकल अङ्कमा

**काठमाडौं, २६ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले उपभोक्ता कर्जा निर्देशिका, २०७७ बमोजिम मेरो घर कर्जा योजना ल्याएको छ । घर खरीद, घर निर्माण तथा जग्गा खरीद गर्नका लागि अधिकतम पाँच कारोड रुपैया सम्म दिईने मेरो घर कर्जाको ब्याजदर बेसरेटमा १।२० प्रतिशत प्रिमियम जोडिने छ । हाल बैंकको बेसरेट ८।२५ प्रतिशत छ यसमा १।२० प्रतिशत प्रिमियम जोड्दा वार्षिक ९।४५ प्रतिशत ब्याजदरमा बैंकले मेरो घर कर्जा लगानी गर्नेछ । कर्जा प्रशोधन तथा सेवा शुल्क एकपटकका लागि कर्जा रकमको ०।२५ प्रतिशत लाग्नेछ । कर्जा रकम मासिक किस्ताबन्दीमा (EMI) भुक्तानी गर्ने गरी अधिकतम २० वर्षका लागि प्रदान गरिनेछ । यो कर्जा बैंकका देशभर रहेका सम्पूर्ण शाखा कार्यालयहरुबाट लिन सकिनेछ । ■

# बैंकको ५९औं वार्षिकोत्सवको अवसरमा ४७७ जनाले रक्तदान गरे



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५९ औं वार्षिकोत्सवको अवसरमा बैंकको केन्द्रीय कार्यालय परिसर तथा विभिन्न प्रादेशिक कार्यालयहरुमा माघ ५ गते रक्तदान कार्यक्रम सम्पन्न भएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष दिलीप कुमार ढुङ्गानाले विभागीय प्रमुख सञ्जय श्रेष्ठलाई ब्लड ब्याग हस्तान्तरण गरी उक्त कार्यक्रमको शुभारम्भ गरिएको थियो । बैंकको केन्द्रीय कार्यालय परिसरमा तथा देशब्यापी रुपमा सम्पूर्ण प्रादेशिक कार्यालयहरुमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ४७७ जना रक्तदाताहरुले रक्तदान गर्नुभएको छ ।

संयोजक एवं उपकार्यककारी अधिकृत विनयरमण पौडेलको संयोजकत्वमा भएको रक्तदान कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु, कर्मचारी ट्रेड युनियनका अध्यक्षहरु, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । ■




# हार्दिक श्रद्धाञ्जली



**स्व. सुमन पराजुली**
जन्म: वि.सं. २०३२/०३/२०
स्वर्गारोहण: वि.स. २०८०/१०/१३



**स्व. रञ्जित साह**
जन्म: वि.सं. २०५४/०५/१०
स्वर्गारोहण: वि.स. २०८०/१०/०५

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय सामान्य सेवा विभागमा कार्यरत सवारी चालक सुमन पराजुली र शाखा कार्यालय कलैयामा कार्यरत बरिष्ठ सहायक रञ्जित साहको असमायीक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित परिवारजन प्रति समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

## अन्तरवार्ता



**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत
सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त कर्मचारी

राष्ट्रिय वाणिज्य बैंकको ५९ औं वार्षिकोत्सबको अवसरमा आ.व.२०७९/०८० मा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ट बैंक पुरस्कार उपकार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनीलाई प्रदान गरिएको छ । यसै सन्दर्भमा उहाँसँग रा.वा.बैंक समाचारका लागि ईश्वर उप्रेतीले लिनु भएको संक्षिप्त अन्तरवार्ता ।

☞ **सर्वप्रथम तपाइलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५९ औं वार्षिकोत्सबको अवसरमा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ट बैंक पुरस्कार पाउनु भएकोमा बधाई छ। सर्वोत्कृष्ट बैंक पुरस्कार पाउँदा कस्तो महशुस भईरहेको छ ?**

धन्यवाद । सर्वप्रथम सर्वोत्कृष्ट पुरस्कार प्राप्त गर्दा खुसी लाग्नु स्वभाविक नै हो । देशैभर छरिएर रहेका शाखा, प्रदेश कार्यालय, तथा केन्द्रमा रहेका विभिन्न विभागहरुको साथ सहयोगका साथै बैंकको सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृतज्यू लगायत बैंकको उच्च व्यवस्थापन प्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । साथै यस अवसरमा मलाई प्रत्यक्ष तथा परोक्ष रुपमा शुभकामना दिनुहुने सम्पूर्ण कर्मचारीवर्ग तथा अन्य प्रति आभार प्रकट गर्दछु। यस पुरस्कारले मलाई अझ बढि जिम्मेवार हुन प्रेरणा दिएको छ।

☞ **यहाँले राष्ट्रिय वाणिज्य बैंकको सेवामा प्रवेश गरेपछि कुन-कुन कार्यालयमा रहेर कुन- कुन जिम्मेवारी बहन गर्नुभयो र कस्तो प्रकारको सम्पादनले सर्वोत्कृष्ट बैंक पुरस्कार पाउन सहयोग पुग्यो जस्तो लाग्दछ ?**

सम्बत् २०५१ मार्ग १ गते "कम्प्यूटर प्रोग्रामर" का रुपमा बैकको सामान्य सेवा विभाग अन्तर्गत रहेको कम्प्यूटर सेक्सन बाट सेवा शुरु गरेर बैकको कार्यकारी अध्यक्षको कार्यालय आई टि सेलमा बैकले दिएको जिम्मेवारी बहन गरियो । त्यसरीनै सूचना प्रविधि विभागको विभागिय प्रमुखको जिम्मेवारी बहन गर्दै प्रमुख कार्यकारी अधिकृतको कार्यालय आइपुग्दा सूचना प्रविधि सम्बद्ध विभिन्न विभागका साथै मानव संसाधन, सामान्य सेवा, ब्राञ्च अपरेशन, कम्प्लायन्स, मार्केटिङ्ग जस्ता विभागहरु उपकार्यकारी अधिकृतको हैसियतमा जिम्मेवारी बहन गरियो । बैंकमा सूचना प्रविधिको प्रयोग, यसको समयानुकुल सुधार, कम्प्लायन्स तथा मानव संसाधनका क्षेत्रमाा आवश्यक कार्य गरेको हुनाले सर्वोत्कृष्ट बैंक पुरस्कार पाए जस्तो लाग्छ।

☞ **अहिले बैंकिङ्ग क्षेत्रमा साइबर सुरक्षाको जोखिम दिनदिनै बढ्दो अवस्थामा छ। यहाँले लामो समयदेखि बैंकको सूचना प्रविधि प्रणालीलाई हेरिराख्नु भएको छ। यस बैंकको सूचना प्रविधि प्रणालीको अवस्था कस्तो रहेको छ ?**

विश्व साइबर क्षेत्र सुरक्षा चुनौतिले भरिएको छ। त्यस्तै बैकिङ्ग क्षेत्रमा पनि साइवर सुरक्षाको जोखिम बढदो छ। कुनै पनि प्रणालि जोखिम मुक्त हुदैन। बैकको हाल संचालनमा रहेको प्रणालि सामान्य रुपमा हेर्दा त्यति जोखिमपूर्ण छैन तर त्यसो भन्दैमा जोखिममुक्त भने छैन। बैकको सूचना प्रविधिको अवस्थाको विश्लेषण गर्ने हो भने प्रणालीमा बाह्‍ रुपमा हुने जोखिम त छ दै छ त्यो बाहेक कहिलेकाँही भित्री रुपमा पनि जोखिम हुने सम्भावना देखिन्छ। त्यसकारण बैकको साइवर सुरक्षालाई विश्वसनिय बनाउन बैकमा कार्यरत कर्मचारीहरु तथा अन्य सरोकारवाहलाहरुको सहयोग अपरिहार्य देखिन्छ।

☞ **साइबर सुरक्षाको जोखिमले गर्दा कर्मचारीहरु थप सचेत हुनुपर्ने अवस्था छ। यस्तो अवस्थामा बैंक कर्मचारीहरुलाई उत्कृष्ट कार्यसम्पादन गर्नकालागि कसरी कार्य गर्ने सुझाब दिन चाहानुहुन्छ ?**

मैले यस अघि पनि भनि सके कि बैकको साइवर सुरक्षालाइ विश्वसनिय बनाउन बैकमा कार्यरत कर्मचारीहरु तथा अन्य सरोकारवाहलाहरुको सहयोग अपरिहार्य छ। त्यसैले बैंकमा कार्यरत कर्मचारीहरुले काम गर्दा साइवर सुरक्षाका मापदण्डलाई पालना गर्दै कार्य गर्नु उचित हुन्छ। बैकमा कार्यरत कर्मचारीहरुले आफ्नो काम प्रति माया र संस्था प्रति स्वामित्व ग्रहण गर्न सक्नु पर्दछ। संस्था बाचे म र मेरो परिवार बाच्छ र संस्थाको प्रगति नै मेरो प्रगती हो भन्ने सत्यतालाइ आत्मसाथ गर्न सक्नु पर्दछ। सबैले आआफ्नो ठाउबाट उत्कृष्ट काम गर्ने हो भने संस्था पनि उत्कृष्ट रहन्छ र आफु पनि उत्कृष्ट रहन सकिन्छ। ■

# बैंकको कर्मचारीको दक्षता अभिबृद्धिका लागि सेन्चुरियन विश्वविद्यालयसँग सम्झौता

**काठमाडौं, १८ माघ**

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड र भारतको उडिसा स्थित सेन्चुरियन युनिभर्सिटी अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट(सियुटिएम) बीच बैंकका कर्मचारीहरुको दक्षता अभिबृद्धिका लागि तालिम प्रदान गर्ने सम्बन्धमा सम्झौता भएको छ । भारतको उडिसा स्थित भएको सम्झौतापत्रमा बैंकका तर्फबाट उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनी र सियुटिएमका तर्फबाट भाइस चान्सलर डा.प्रशान्तकुमार मोहन्टीले हस्ताक्षर गर्नुभएको छ ।



सम्झौता अनुसा बैंकिङ्ग, बित्त, मानव संशाधन, ट्रेजरी, सम्पत्ति व्यवस्थापन, वित्तीय साक्षरता तथा नियमन, एएमएल/सिएफटी, डिजिटल बैंकिङ्ग, जोखिम व्यवस्थापन, क्रेडिट एप्राइजल, नेतृत्व विकास, साइबर सुरक्षा आदि विषयमा बैंकका करिब दुई सय कर्मचारीहरुलाई नेपाल तथा भारतमा तालिम प्रदान गरिनेछ । यसबाट कर्मचारीहरुको कार्यक्षमतामा अभिबृद्धि हुने विश्वास गरिएकोछ ।

उक्त कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत दुर्गा कुमारी कँडेल, विभागीय प्रमुखहरु भीमप्रसाद घिमिरे, पद्यमा लक्ष्मी जि.सी., प्रबन्धक बिनोद न्यौपाने तथा विश्वविद्यालयका पदाधिकारीहरु लगायतको उपस्थिति रहेको थियो ।




राष्ट्रिय वाणिज्य बैंकको ५९औं वार्षिकोत्सवको अवसरमा बैंक व्यवस्थापन र क्रियाशिल ट्रेड युनियनबीच भएको मैत्रीपूर्ण फुटसल प्रतियोगिता अघि लिईएको सामुहिक तस्विर ।







## समवेदना

यस बैंकका सुदूर पश्चिम प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक राजेन्द्र आचार्य(१११८२)का पिता गिरीधारी पाध्या, शा.का.धनगढीमा कार्यरत शाखा प्रबन्धक दिर्घराज ओझा (११४१६) का पिता नवराज ओझा, शा.का.गौरमा कार्यरत नगद सहायक राजेश शाह(१२४०४) का पिता जपल शाह तेली, शा.का. बनेपामा कार्यरत बरिष्ठ सहायक चन्द्रबहादुर दाहाल (१०८३०) की माता चन्द्रमाया दाहाल, शा.का. बालाजुमा कार्यरत बरिष्ठ सहायक अर्जुनप्रसाद ढुङ्गाना(८८८०) का पिता झंकनाथ ढुङ्गाना, शा.का.जनकपुरमा कार्यरत शाखा सहायक प्रबन्धक शान्तिप्रसाद सिलवाल (११६६३) की माता निर्जलादेबी सेलुवालको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

# आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको नवौं वार्षिकोत्सव समारोह सम्पन्न




**काठमाडौं, १५ माघ**

राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड ८ औं बर्ष पुरा गरि ९ औं बर्षमा प्रबेश गरेको उपलक्ष्यमा गत माघ १५ गते वार्षिकोत्सब कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत बद्रिप्रसाद प्याकुरेलद्धारा कम्पनीले हाल सम्म भएका कार्य प्रगतीको बारेमा विस्तृत विवरण प्रस्तुत गर्नुभयो । कम्पनी पुँजी बजारमा एक प्रतीस्पर्धि मर्चेन्ट बैंकरको रुपमा प्रस्तुत भएको, कम्पनीले हाल सम्म एक लाख ८० हजार हितग्राही खाता खोली हितग्राहीहरुलाई सेवा दिईरहेको, दूरदराजमा रहेका लगानीकर्ताहरुलाई राष्ट्रिय बाणिज्य बैक लिमिटेडका शाखा कार्यालयहरु बाट सेवा दिने प्रबन्ध मिलाइएको, १५ वटा कम्पनीको शेयर/ऋणपत्र रजिष्ट्रारको कार्य गरिरहेको, लगानी व्यवस्थापनको सेवा दिइरहेको, नेपाल सरकारको लगानी रहेका सुचिकृत संस्थाहरुको शेयर अभौतिकीकरण गरी नेपाल सरकार अर्थमन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको नाममा हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइएको, कम्पनीले निकट भविष्यमा प्राईभेट इक्वीटी/भेन्चर क्यापिटलको कार्य गर्ने लक्ष्य रहेको प्रमुख कार्यकारी अधिकृत बद्रिप्रसाद प्याकुरेलले बताउनुभयो ।

आ.व.२०७९/८० को कार्यसम्पादन मुल्याङ्कनको आधारमा दुइजना कर्मचारीहरुलाई उत्कृष्ट कर्मचारीको रुपमा प्रशंसापत्रद्धारा पुरस्कृत समेत गरिएको थियो । उक्त कार्यक्रममा सञ्चालक समितीका अध्यक्ष देवेन्द्र रमण खनाल, सञ्चालकहरु पवन रेग्मी, रामकुमार थापा, कृष्ण श्रेष्ठ, राजेन्द्रप्रसाद दाहाल, रीष्ट्रय वाणिज्य बैक बागमती प्रदेश प्रमुख ध्रुब अर्याल, आन्तरीक लेखा परिक्षण विभाग विभागीय प्रमुख भोलानाथ पौडेल, शाखा प्रबन्धक श्याम सुन्दर गौतमको उपस्थितीमा रहेको थियो । उक्त अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठद्धारा कम्पनीको वार्षिकोत्सव को उपलक्ष्यमा शुभकामना दिदै सेवाग्राहीलाई छिटो, छरीतो र गुणस्तरीय सेवा दिन सुझाव दिनुभयो। साथै उहाँले सबै कर्मचारीहरुलाई मेहेनत र लगनशिल भै कार्य गर्न प्रेरित गर्नुभयो र यस संस्थाको उन्नती प्रगतिको लागि सबै जना एक जुट भै अघि बढ्न सल्लाह तथा सुझाव दिनुभयो । यसैगरी सञ्चालक समितीका अध्यक्ष तथा समारोहका सभापती देवेन्द्ररमण खनालद्धारा आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेडले सरकारी लगानीमा रहेका खर्बौं शेयर लगानीको व्यवस्थापन समेत गर्न सकिने हुँदा सो सम्बन्धि कार्य गर्न सुझाव दिनुभयो । ■

## ब्राञ्च प्रोफाइल

**(आ.व. २०७९/०८० को सर्वोत्कृष्ट शाखा)**

### शाखा कार्यालय दुहबी (२३४), सुनसरी




कुल निक्षेप = रु. ६०,२५,२२,५१९।६६
कुल कर्जा = रु. १,९२,०६,४५,२६०।३४
कुल मुनाफा = रु. ८,०१,९३,७५०।५३
कुल कर्मचारी संख्या = ७ जना
खराव कर्जा प्रतिशत = ०.१८
शाखा प्रबन्धक कुमारी रेनुका सिंहराजवंशी
शाखा कार्यालयको स्थापना मिति= वि.सं. २०७१।०३।११

प्रति कर्मचारी:
क.निक्षेप = रु. ८,६०,७४,६४५।६७
ख.कर्जा = रु. २७,४३,७७,८९४।३०
ग. नाफा = रु. १,१४,५६,२५०।०८

**सफलताको रहस्य :**

ग्राहकप्रति जिम्मेवार तथा गुणस्तरीय सेवा, कामप्रति “कर्म नै धर्म हो” भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै Team Spirit को विकाश, अनुसाशन तथा नीति नियममा रही कार्यसम्पादन, कर्मचारीहरु बीचमा सुमधुर सम्बन्ध तथा समन्वय, लक्ष्यप्रति सदैव दत्तचित्त भई कार्यसम्पादन नै शाखाको प्रगतिको मुल आधार रहेको छ ।

*प्रकाशक*
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-४२५२५९५, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

प्रमुख सल्लाहकार
**किरणकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

सल्लाहकार
**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

सहायक सम्पादक
**ईश्वर उप्रेती**

डिजाइन
**राजु तामाङ**